# पाटन नगरपालिकाको

## स्थानीय राजपत्र

खण्डः ७ संख्याः २ मितिः २०८०/०४/०१

भाग-१

पाटन नगरपालिका


## आर्थिक वर्ष २०८०।०८१ को सेवा र कार्यको लागि स्थानीय सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा बनेको ऐन

**प्रस्तावना**: पाटन नगरपालिका बैतडीको आर्थिक वर्ष २०८०।०८१ को सेवा र कार्यको लागि स्थानीय सञ्चित कोषबाट केही रकम विनियोजन गर्न र सो रकम खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले नेपालको संबिधान २०७२ को धारा २२९ को उपधारा (२) वमोजिम पाटन नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम **"पाटन नगरपालिकाको विनियोजन ऐन, २०८०"** रहेको छ ।

(२) यो ऐन नगर सभाबाट पारित भए पश्चात् मिति २०८० साल श्रावण १ गते देखि लागू हुनेछ ।

**२. आर्थिक वर्ष २०८०।०८१ को निमित्त स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०८०।०८१ को निमित्त नगर कार्यपालिका, वडा समिति, बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम ६४४९६९०००।-(अक्षरुपी चौसठ्ठी करोड उन्पचास लाख उन्सत्तरी हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए वमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक वर्ष २०८०।०८१ को निमित्त पाटन नगरपालिका बैतडी नगर कार्यपालिका, वडा समिति, बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त बिनियोजन गरिनेछ ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि नगर कार्यपालिका, वडा समिति, बिषयगत

शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त विनियोजन गरिएको रकम मध्ये कुनै शिर्षकमा बचत हुने र कुनै शिर्षकमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शिर्षकबाट अपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरि कुनै एक वा एक भन्दा वढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न वा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्था तर्फ बिनियोजित रकम साँवा भुक्तानी र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालू खर्च शिर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भूक्तानी शिर्षकमा वाहेक अन्यत्र सार्न सकिने छैन । तर चालू तथा पूँजीगत खर्च व्यहोर्न एक श्रोतबाट अर्को श्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एकभन्दा बढी शिर्षकहरुमा रकम सार्नु परेमा नगर सभाको स्वीकृती लिनुपर्नेछ ।

अनुसूची १

दफा २ को उपदफा (१) संग सम्वन्धित

स्थानीय सञ्चित कोषबाट हुने आय र व्यय अनुमानको सारांशः

आयतर्फ कूल अनुमान (चालु र पुँजीगत) रु. ६४४९६९०००।-

व्यय तर्फ कूल (चालु र पुँजीगत) अनुमान रु. ६४४९६९०००।-

वित्तीय व्यवस्थातर्फ रु. ०।-

**प्रमाणीकरण मिति: २०८०/०३/३१**

आज्ञाले,

नाम: अर्जुन शर्मा

प्रमुख प्रशासकीय अधिकृत